मिति: २०८१/०६/१६

**पलाँता गाउँकार्यपालिका कार्यालयको १०६औं कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुः**

**प्रस्तावहरुः**

१. करार नविकरण गर्ने सम्वन्धमा।

२. वडा सचिव नियुक्ति सम्वन्धमा।

३. परामर्श सेवाको भुक्तानी सम्वन्धमा।

क) स्थानीय पाठ्यक्रम निर्माण

ख) पलाँता गाउँपालिकाको शैक्षिक अवस्थाको सम्भाव्यता अध्ययन

ग) पलाँता गाउँपालिकाको सडक गुरु योजना (पुरानो भुक्तानी)

४. विल भुक्तानी सम्वन्धमा।

क) गाडी मर्मत

ख) राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुदको

ग) पोषिलो पिठो ढुवानीको

५. जनप्रतिनिधि र स्वास्थ्य करारको पुरानो सेवा सुविधा तथा तलव भुक्तानी सम्वन्धमा।

६. प्राविधिकको करार नियुक्ति सम्वन्धमा।

७. कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा।

८. राउटेलाई दशैं खर्च उपलब्ध गराउने सम्वन्धमा।

९. खेलकुदको चेक रकम भुक्तानी सम्वन्धमा।

१०. सम्पर्क कार्यालय सम्वन्धमा।

अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

११. लघु जलविद्युतको लाईन जोड्ने सम्वन्धमा।

१२. सडक स्तरोन्नति सम्वन्धमा ।

१३. नेपाल टेलिकमको टावरको सामग्री ढुवानी सम्वन्धमा।

१४. दुई पाङ्ग्रे सवारी साधन सम्वन्धमा ।

१५. प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना छनौट तथा बजेट विनियोजन सम्वन्धमा।

१६. सडक बनाउँदा सडकमा पर्ने निजी घरको क्षेतिपूर्ति सम्वन्धमा।

१७. क्याम्पस सञ्चालन सम्वन्धमा।

१८. समपुरक बजेट विनियोजन सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँपालिकाको श्री स्वास्थ्य चौकि धौलागोहमा कार्यरत अहेव श्री प्रजन भन्डारी र का.स. भिम बहादुर शाहीको करार नियुक्ति कात्तिक देखि लागु हुने गरी करार नविकरण गरी प्रजन भण्डारीलाई आधारभुत स्वस्थ्य केन्द्र पुलाँहामा र भिम बहादुर शाहीलाई पलाँता अस्पतालमा आफ्नो पद अनुसारको कामकाज गर्ने गरी खटाउने निर्णय सर्व सहमतिमा गरियो।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि विस्तृत छलफल गर्दा यस पलाँता गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत वडा नं. १, ३, ४, ५ र ९ मा कार्यरत करार सचिवहरुले गरेका कार्यसम्पादन कानूनी प्रश्न उठेको खण्डमा वैध नहुने र मलेपको कार्यालयले समेत करार सचिवहरुको भुक्तानी भएको तलब तथा सेवा सुविधालाई नियमित रुपमा शैद्धान्तिक बेरुजु सहितको बार्षिक प्रतिवेदन आई बेरुजुको भार समेत वृद्धि भइरहेको साथै गाउँपालिकाको आन्तरिक स्रोतबाट यस्ता व्ययभार व्यहोर्न नसकिने भएकोले आगामी मंसिर महिना देखि लागु हुने गरी उल्लेखित वडा कार्यालयहरुमा स्थायी चौथो र पाँचौ तहका कर्मचारीलाई कामकाजमा खटाउने निर्णय गरियो।

अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि विस्तृत छलफल गर्दा तपसिलको परामर्श सेवाको काम गरे बापतको रकम भुक्तानी दिने निर्णय गरियो।

क) आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकाको स्थानीय पाठ्यक्रम निर्माण भएको र सो पाठ्यक्रम निर्माणको लागि परामर्श सेवाको काम गर्ने परामर्श सेवा प्रदायक हिमालयन सिल्करोड कन्सल्टेन्सी प्रा.लि. कुपण्डोल, ललितपुरलाई भ्याट विल बमोजिम वित्तीय समानीकरण अनुदानको शैक्षिक संस्थालाई शैक्षिक सहायता शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

ख) आर्थिक वर्ष २०८०/०८१ मा यस गाउँपालिकाको शैक्षिक अवस्थाको सम्भाव्यता अध्ययन सम्बन्धी परामर्श सेवाको काम गर्ने परामर्श सेवा प्रदायक हिमालय कन्सट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा.लि., महालक्ष्मी-४ ललितपुरले सम्भाव्यता अध्ययन गरी अन्तिम प्रतिवेदन समेत गत आर्थिक वर्ष २०८०/०८१ मा नै पेश भएकोले सो परामर्श दातालाई भ्याट बिल बमोजिमको भुक्तानी यस गाउपालिकाको शिक्षा समितिले गरेको निर्णलाई अनुमोदन गर्दै वित्तीय समानीकरण तर्फको शिक्षण संस्थालाई शैक्षिक सहायत शिर्षकबाट दिने निर्णय गरियो।

ग) गत आर्थिक वर्ष २०८०/०८१ मा यस पलाँता गाउँपालिकाको सडक खण्डको मोहर पुलाँह लार्फा खिननेट सेक्सन १ सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) गर्नको लागि सूचीकृत सेवा परामर्शदाताहरु मध्ये नियमानुसार आर्थिक तथा प्राविधिक प्रस्ताव पेस भई मूल्यांकनमा छनौट भएको सेवा परामर्शदाता श्री शिव नाथ इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. काठमाण्डौले सो सडक खण्डको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न गरी यस गाउँकार्यपालिकामा पेश गरेकोले सो प्रतिवेदन स्वीकृत गरी भ्याट बिलमा उल्लेखित रकम रु.१९,९८,९५८.७०/- (उन्नाइस लाख अन्ठानब्बे हजार नौ सय अन्ठाउन्न रपैया सत्तरी पैसा) संघीय समानीकरण अनुदान तर्फको सेवा तथा परामर्शको शिर्षकबाट भुक्तानी दिने र मोहर पुलाँह लार्फा खिननेट सेक्सन २ सडकको विस्तृत परियोजना प्रतिवेदन (DPR) गर्नको लागि सूचीकृत सेवा परामर्शदाताहरु मध्ये नियमानुसार आर्थिक तथा प्राविधिक प्रस्ताव पेस भई मूल्यांकनमा छनौट भएको सेवा परामर्शदाता श्री इन्फ्राटेक सिभिल सोलुशन एण्ड कन्सल्टयान्टस प्रा.लि. रुपन्देहीले सो

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सडक खण्डको विस्तृत परियोजना प्रतिवेदन सम्पन्न गरी यस गाउँकार्यपालिकामा पेश गरेकोले सो प्रतिवेदन स्वीकृत गरी भ्याट बिलमा उल्लेखित रकम रु.९,९९,४७९.३५/- (नौ लाख उनान्सय हजार चार सय उनासी रपैंया पैंतिस पैसा) मात्र रकम अर्को कार्यपालिका बैठकबाट निर्णय गरी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि विस्तृत छलफल गर्दा यस गाउँकार्यपालिकाको कार्यालयमा पेस भएका तपसिलको विलहरुको भुक्तानी तोकिएको बजेट शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो।

क) यस गाउँकार्यपालिकाको कार्यलय तथा लेखा शाखामा पेश भएका गाउँ पालिकाको गाडी मर्मत बापतको बिल भुक्तानी सवारी साधन मर्मत शिर्षकको बजेटबाट मर्मत आदेश तथा बिल भर्पाई बमोजिम भुक्तानी दिने निर्णय गरियो।

ख) गत आ.व. २०८०/०८१ मा तिलागुफा नगरपालिकामा सञ्चालित जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगितामा भाग लिन जाने प्रशिक्षक तथा खेलाडीहरुको बास, खाना र नास्ता बापतको रकम सम्बन्धित होटल पार्वति होटल एण्ड नास्ता पसल तिलागुफा ३ पिपलगैंडा फोईमहादेव कालीकोटलाई भुक्तानी खेलकुद विकासको शिर्षकमा रहेको बजेटबाट दिने निर्णय गरियो। साथै सो खेलकुद कार्यक्रममा भाग लिई फर्कने क्रममा खेलाडीहरुले श्री चन्द्र सुर्य होटल मान्म कालीकोटको बिल भुक्तानी खेलकुद विकासमा छुट्याइएको बजेटबाट भुक्तानी दिने निर्णय गरियो। त्यसैगरी यस गाउँपालिकामा आ.व. २०७९/०८०, २०७८/०७९ मा सञ्चालित स्थानीय तथा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगिताको पुरानो बिलको भुक्तानी कार्यालयले पेश भएका बिल भर्पाइहरुको अध्ययन गरी नियमानुसार खेलकुद विकास शिर्षकमा विनियोजिन बजेटबाट भुक्तानी दिने निर्णय गरियो। गत आ.व. २०८०/०८१ को खेलकुदको बम डिजिटल क्याफे होटल पलाँता ९ थिर्पुको बिल भुक्तानी बिलको अध्ययन गरी खेलकुद शिर्षकको बजेटबाट साथै प्रेम बमको बिल भर्पाइ बमोजिम भुक्तानी हुन नसकेको पुरानो खेलकुद बापतको बिल भुक्तानी सो शिर्षकको बजेटबाट बिल भर्पाईको अध्ययन गरी रास्कोट मल्टिप्रपोज इन्भेस्टमेन्ट गारमेन्ट प्रा.लि. पुष्पलाल चोक बाबुराम मार्ग नेपालगञ्जलाई भुक्तानी दिने निर्णय गरियो।

विष्णु बहादुर रोकाया
अध्यक्ष

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

ग) यस गाउँपालिकाको स्वास्थ्य कार्यालयहरुमा गत आ.व. २०८०/०८१ तथा यस चालु आ.व. २०८१/०८२ मा पोषिलो पिठो ढुवानी गरे बापतको भुक्तानी यस गाउँकार्यपालिकाको कार्यालयको आन्तरिक स्रोतबाट भ्याट बिल तथा भर्पाइ बमोजिम भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि विस्तृत छलफल गर्दा गत गत आ.व. २०८०/०८१ मा भुक्तानी हुन बाँकी जनप्रतिनिधिको सेवा सुविध तथा स्वास्थ्य करार कर्मचारीहरुको तलब भुक्तानी यस आ.व. २०८१/०८२ मा विनियोजित आन्तरिक स्रोत तर्फ जनप्रतिनिधिको पुरानो सेवा सुविधा शिर्षकबाट र स्वास्थ्य करार कर्मचारीको तलब करार कर्मचारीको पुरानो तलब भुक्तानी शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि विस्तृत छलफल गर्दा यस गाउँकार्यपालिकाको कार्यालयमा रिक्त रहेको सव-इन्जिनियर तह पाँचौ संख्या २ र असिस्टेन्ट सव-इन्जिनियर तह चार संख्या १ को पदपूर्ति १५ दिने विज्ञापन आह्वान गरी पलाँता गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०८० बमोजिम खुला प्रतिस्पर्धा गराई करारमा नियुक्ति गर्ने निर्णय गरियो।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि विस्तृत छलफल गर्दा तपसिल बमोजिमको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो।

तपसिलः

क. खानेपानी तथा सरसफाइ योजना मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि विस्तृत छलफल गर्दा नेपालका लोपन्मुख जातिको रुपमा यस कर्णाली प्रदेशमा बसोबास गर्दै आएका राउटे जातिलाई २०८१ सालको वडा दशै खर्चको लागि आन्तरिक स्रोतबाट रु. २० (बीस) हजार उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि विस्तृत छलफल गर्दा कालीकोट जिल्लाको महावै गाउँपालिकामा आ.व. २०७९/०८० मा सञ्चालन भएको राष्ट्रपति रनिङ शिल्डमा

खेलाडीलाई खाना खर्च वापतको रकम भुक्तानीको लागि रु. ५६ हजार भुक्तानीको लागि उक्त गाउँपालिकामा नै चेक काटिएको तर उक्त चेक बैंकमा चेक नसाटी मिति गुज्रेकोले सो चेकको रकम यस चालु आ.व. २०८१/०८२ को खेलकुद शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि विस्तृत छलफल गर्दा यस गाउँपालिकाको सम्पर्क कार्यालयको लागि कालीकोट जिल्ला मान्ममा घर भाडामा लिने निर्णय गरियो।

निर्णय नं. ११: प्रस्ताव नं. ११ मा विस्तृत छलफल गर्दा घुच्ची खोला लघु जलविद्युत आयोजनाबाट वडा नं. १ र २ मा बत्तिको लाइन जोड्न रु. ४ लाख आन्तरिक स्रोतबाट व्यहोर्ने गरी काम गराई दशै अगाडि नै बत्ति बाल्ने गरी सो योजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि विस्तृत छलफल गर्दा वर्षा समयमा भत्किएका तपशिलका सडक खण्डहरुको पुनः निर्माण तथा स्तरोन्नतिको लागि प्राविधिक इस्टिमेट गराई इस्टिमेट बमोजिम काम गराउने र सो बापतको रकमको भुक्तनी आगामी कार्यापालिकाको बैठकबाट स्रोत सुनिश्चित गरी भुक्तानी गर्ने निर्णय गरियो।

क) ओदी राफाडाँडा सडक खण्ड

ख) बेल्केढुङ्गा खिर्पि बोक्चु सुनाबाडा सडक खण्ड

ग) बोक्चु पारौटी धुरा सडक खण्ड

निर्णय नं. १३: प्रस्ताव नं. १३ मा विस्तृत छलफल गर्दा पलाँता ४ को रिज्यवमा नेपाल टेलिकमको टावर स्थापनाको लागि नेपाल टेलिकमको टावरको सामग्री सुर्खेत देखि घाटाचौर र घाटाचौर देखि निर्माण स्थलसम्म ढुवानी बापतको रकम बिल भर्पाईको आधारमा ढुवानीको काम सम्पन्न भए पश्चात आगामी कार्यपालिका बैठकबाट स्रोत पहिचान गरी भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १४: प्रस्ताव नं. १४ मा विस्तृत छलफल गर्दा यस गाउँपालिकाको वडा कार्यालयहरुको लागि ९ वटा मोटरसाइकल खरिद गर्ने प्रक्रियाको लागि बोलपत्र आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं.** १५

**प्रशताव नं.**१५ माथि छलफल गर्दा पलाँता गाउँपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. २०८१।०८२ मा तपसिलका योजनाहरु प्राविधिक रुपमा सम्भावना अध्ययन गरी सम्भाव्य योजनाहरु मध्ये प्रति वडा १ वटा योजना सञ्चालन तथा कार्यान्वयन गर्ने गरी निर्णय सर्व सहमतीले पारीत गरीयो ।

**तपसिल**

**वडा नं. १ ( वजेट रकम रु ९,८०,०००।** प्रधानमन्त्री रोजगार )

१. श्री गणेश आ.वि. फिल्ड निर्माण (पालिका साझेदारी)

२. विद्युत लाइन विस्तार

**वडा नं. २ ( वजेट रकम रु ८,८०,०००।** प्रधानमन्त्री रोजगार )

१. श्री सरस्वती मा वि राडुनेटा फिल्ड घेरवार (मुख्यमन्त्री रोजगार कार्यक्रम सँग साझेदारी) (५,८०,०००)

२. श्री गौरव बाल विकास केन्द्र भौतिक संरचना निर्माण (वडा साझेदारी) (३,००,०००।)

**वडा नं. ३ ( वजेट रकम रु ६,५०,०००।** प्रधानमन्त्री रोजगार )

१. वडा कार्यालय भवन निर्माण (वडा साझेदारी)

**वडा नं. ४ ( वजेट रकम रु ६,४६,०००।** प्रधानमन्त्री रोजगार )

१. सिद्धनाथ मन्दिर निर्माण

२. बज्जेडी तिर्थस्थल निर्माण

३. ढिपु घोडेटो बाटो निर्माण

**वडा नं. ५ ( वजेट रकम रु ४,००,०००।** प्रधानमन्त्री रोजगार )

१. गाउँ देखि कर्णाली मा वि सम्म पीसिसी बाटो निर्माण (वडा साझेदारी)

२. चौला खानपानी निर्माण योजना (वडा साझेदारी)

**वडा नं. ६ ( वजेट रकम रु ५,००,०००।** प्रधानमन्त्री रोजगार )

१. जाँफे तटवन्धन निर्माण

२. उखाडी आधारभूत स्वास्थ्य केन्द्र निर्माण

३. रेउका तटबन्धन निर्माण

**वडा नं. ७ ( वजेट रकम रु ६,८०,०००।** प्रधानमन्त्री रोजगार )

१. जोतली, भेरा, गडवाली विद्युत लाइन विस्तार

२. फागोटी देखि पैतुवा सम्म घो बा मर्मत

३. माडुगडा आ वि भवन निर्माण (मुख्यमन्त्री रोजगार कार्यक्रम साझेदारी)

**वडा नं. ८ ( वजेट रकम रु ४,१०,०००।** प्रधानमन्त्री रोजगार )

१. महादेव आ वि दाम्री भवन निर्माण

२. दुदेशिल्लो मा वि घेरवार

३. अँगाउ देखि ठुलामाडु घो बा निर्माण

**वडा नं. ९ ( वजेट रकम रु ५,७०,०००।** प्रधानमन्त्री रोजगार )

१. खोला मुलबाटो हुँदै वडा कार्यालय सम्म पीसिसी बाटो निर्माण (मुख्यमन्त्री रोजगार कार्यक्रम साझेदारी)

**निर्णय नं.** १६

**प्रशताव नं.** १६ माथि छलफल गर्दा गाउँपालिकामा संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम तथा मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका बमोजिम आ.व. २०८१।०८२ को कालीकोट जिल्ला दर रेट अनुसार साधारण ज्यामी को ज्याला पारीश्रमीक रु ९५० को ८० प्रतिशतले हुन आउने रकम रु ७६०। कायम गर्ने निर्णय सर्व सहमतीले गरीयो ।

**निर्णय नं.** १७

**प्रशताव नं.** १७ माथि छलफल गर्दा पलाँता गाउँपालिकामा संचालित मुख्यमन्त्री रोजगार कार्यक्रम पलाँता गाउँपालिका रहेको रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुद्धारा संचालन तथा कार्यान्वयन गर्ने एवं सेवा सुविधा कन्टेन्जेन्सी बाट उपलब्ध गराउने सर्व सहमतीले निर्णय गरीयो ।

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १८: प्रस्ताव नं. १८ माथि विस्तृत छलफल गर्दा मोहर बालुवा सडक खण्डमा पर्ने पदम बहादुर बम र तारा बमको निजी घर सडक निर्माण गर्दा निजहरुको घर पर्ने भएकोले निजहरुको घरको क्षेतिपुर्ति यस गाउँपालिकाको चालु आ.व. को बजेट सडक बनाउँदा भत्केका संरचनाको भुक्तानी शिर्षकबाट श्री जिल्ला प्रशासन कार्यालय, मान्म, कालीकोटको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको जिल्ला क्षेतिपुर्ति निर्धारण समितिबाट क्षेतिपुर्ति निर्धारण गरी निजहरुको घरको क्षेतिपुर्ति भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १९: प्रस्ताव नं. १९ माथि विस्तृत छलफल गर्दा पलाँता गाउँपालिकामा उच्च शिक्षाको अध्ययन अध्यापन गराई उच्च शिक्षाको पहुँच सुनिश्चित गर्न श्री सरस्वती मा.वि. थिर्पुमा न्यूनतम पूर्वाधार पूरा भएकोले शिक्षा मूल विषय रहने गरी त्रिभुवन विश्वविद्यालयसँग अनुमति माग गर्न वि.व्य.स. मार्फत प्रक्रिय अगाडि बढाउने गाउँ शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. २०: प्रस्ताव नं. २० माथि विस्तृत छलफल गर्दा गत आ.व. २०८०/०८१ मा सञ्चालित सडक बोर्ड नेपालबाट विनियोजित रकम २७ लाखबाट बोक्चु देखि मडेनी खोला सम्म र मडेनी खोला देखि पारौटी सम्म दुई खण्डमा सडक निर्माण भएको र सो बजेटको २० प्रतिशत बजेट गाउँपालिकाले समपूरक बजेट विनियोजन गर्नु पर्ने सर्त अनुसार चालु आ.व. २०८१/०८२ को बजेट तथा कार्यक्रमको समपूरक कोषबाट सो रकम विनियोजन गर्ने निर्णय गरियो।

निर्णय नं. २१: प्रस्ताव नं. २१ माथि विस्तृत छलफल गर्दा यस गाउँपालिकाको वडा नं. ८ स्थित श्री महादेव आ.वि. दाम्रीको भवन निर्माणको लागि बजेटको पहिचान र स्रोत छुट्याई भवन निर्माण गर्ने निर्णय गरियो।

सुरेशकुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत